# ज्वालामुखी गाउँपालिका, धादिङ
# लैंङ्गिक समानता तथा सामाजिक समवेशीकरण रणनीति-२०७९



ज्वालामूखी गाउँपालिका
गाउँपालिकाको कार्यालय, धादिङ
वागमती प्रदेश

# विषय सूचि


*१. पृष्ठभूमि* **4**

२.१ **SWOT** विश्लेषण **5**

क. बलियो पक्ष **(Strength)** 5

ख. कमजोर पक्ष **(Weakness)** 6

ग. अवसर **(Opportunity)** 7

घ. चुनौती **(Threats)** 7

२.२ सरोकारवाला पहिचान **7**

२.३ लक्षितवर्ग पहिचान **7**

*३. दीर्घकालीन सोच* ***(Vision)*** ***8***

*४. ध्येय* ***(Mission)*** ***8***

*५. लक्ष* ***(Goal)*** ***8***

*६. उद्देश्य* ***(Objectives)*** ***8***

*७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति* ***(GESI Policy)*** ***12***

*८. लैससास रणनीति* ***(GESI Strategies)*** ***12***

८.१ मूलप्रवाहीकरण **12**

८.२ समावेशीकरण **13**

८.३ स्थानीयकरण **13**

८.४ सशक्तिकरण **13**

८.५ सचेतीकरण **13**

८.६ संस्थागत संरचना **13**

८.७ समन्वय **13**

८.८ सहकार्य **14**

*८.९ सहजीकरण* ***14***

८.१० सामाजिक सुरक्षा **14**

८.११ अनुगमन मूल्याङ्कन **14**

*९. रणनैतिक कृयाकलापहरू* ***15***

*१०. वित्त व्यवस्थापन* ***24***

*११. कानूनी व्यवस्था* ***24***

*१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व* ***24***

*१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था* **24**

*१४. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरू* **25**

१४.१ संभाव्य जोखिमहरू **25**

१४.२ जोखिम न्यूनीकरणका उपायहरू **25**

*१५. निश्कर्ष* **25**

## १. पृष्ठभूमि

नेपालको संविधानले दिशा निर्देश गरे बमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यको सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानमा राज्यले सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रगा, छाउपडी, कमली प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको छ । यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समयदेखि नै प्राथमिकताकासाथ आवधिक योजना, बार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ । ज्वालामुखी गाउँपालिकाले पनि यस पालिका अन्तरगत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समावेशमैत्री बनाउन, संवैधानिक एवं कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०४७ अनुसार लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न ज्वालामुखी गाउँपालिकाबाट यो **"लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति"** तयार गरिएकोछ ।

### १.१ गाउँपालिकाको संक्षिप्त परिचयः

धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिकाको पूर्वमा नीलकण्ठ नगरपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरतर्फ नीलकण्ठ नगरपालिका र त्रिपुरासुन्दरी गाउँपालिका र दक्षिणतर्फ सिद्धलेक गाउँपालिक रहेकोछ । धादिङ जिल्लाको सदरमुकाम धादिङ बेशीदेखि ११ कि.मी.को दूरीमा अवस्थित यस गाउँपालिकाको क्षेत्रफल ११४.५ वर्ग कि.मी. रहेको छ भने गाउँपालिकालाई ७ वडामा विभाजित गरिएको छ । यस गाउँपालिकाको जनसंख्याको अनुपात हेर्दा पुरुष जनसंख्या १७०१६ (५१.६९%) र महिला जनसंख्या १५९०६ (४८.३१%) रहेको छ । साविकका चारवटा गा.वि.स.हरू क्रमशः चैनपुर, खरी, ढोला र मैदीलाई मिलाएर यो ज्वालामुखी गाउँपालिका बनेको हो । ज्वालामुखी गाउँपालिकाले ओगटेको भूभागमा आदिमकालदेखि मिश्रित जातजातिहरूको बसोबास रहेको पाइन्छ । यस

गाउँपालिकाका मुख्य जातजातिहरु ब्राम्हण, क्षेत्री, मगर, दराई, कुमाल, नेवार, गुरुङ, भुजेल र पहाडी दलितहरू हुन् ।

## २. अवस्था विश्लेषण

यो गाउँपालिकाको लैससास रणनीति तयार गर्दा पहिलो चरणमा वर्तमान अवस्था विश्लेषण गरिएको छ । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसाबले ३ वटा क्षेत्रहरू (SWOT, सरोकार र लक्षितवर्ग) निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१ SWOT विश्लेषण

ज्वालामुखी गाउँपालिकाको लैससासको दृष्टिकोणबाट बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित भएर विश्लेषण गरिएकोछ । जसलाई निम्नानुसार प्रस्तुत गरिएकोछ ।

#### क. बलियो पक्ष (Strength)

१. यो गाउँपालिकाको बार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरू समावेश भएको ।

२. पालिकाको कानूनमा महिला, किशोरी बालिका लगायत लक्षित वर्गमा हुने विभेदजन्य कार्यहरू अन्त्य गर्ने प्रावधानहरू रहेको ।

३. लक्षित विकास कार्यक्रमका लागि बजेट विनियोजन हुने गरेको ।

४. योजना छनोट गर्दा लक्षित वर्गको भेला गरेर योजना संकलन गर्ने र ती लक्षित वर्गकै उपस्थितिमा प्राथमिकीकरण गर्ने गरिएको । उनीहरूले प्राथमिकतामा राखेका केही योजनाहरू पालिकाले पनि प्राथमिकतामा राख्ने गरेको ।

५. उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि अनिवार्यतः राख्ने गरिएको । महिलाहरूको ३३ प्रतिशत सहभागिता हुने गरेको ।

६. पालिकामा महिला शाखा प्रमुखहरु ५० प्रतिशत ( ८ वटा सीटमा ४ जना) , महिला कर्मचारीहरू ५० प्रतिशतको हाराहारीमा रहेको ।

६. पालिकामा लैङ्गिक विकास हेर्ने छुट्टै इकाइको व्यवस्था भएको ।

७. लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको ।

८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको विवरण अद्यावधिक राखिएको ।

९. पदाधिकारी र कर्मचारीहरूले समावेशी विकास तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी तालिम लिएका र त्यस सम्बन्धी Resource Persons पनि पालिकामा छन् ।

१०. समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, बालविवाह, बहुविवाह, आदि) हटाउन स्थानीय तहले कार्यक्रम संचालन गर्ने गरेको छ । सो प्रयोजनका लागि ठाउँठाउमा होडिङ बोर्ड र ब्यानरहरू राखिएकाछन् ।

११. राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानून कार्यविधिका बारेमा लक्षित समुहलाई प्रतिनिधित्व गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई विवसहरु पारेर अभिमुखिकरण गर्ने गरेको ।

१२. स्थानीय तहका प्रत्येक वडाहरुमा महिलाका सञ्जाल आमा समूहका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गर्ने गरिएको ।

१३. परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप जस्ता कार्यक्रमहरु संचालन भएको ।

१४. विद्यालय छात्रछात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टाछुट्टै शौचालय, किशोरीका लागि सेनेटरी प्याड आदिको प्रवन्ध भएको ।

१५. पालिकामा स्वास्थ्य, पशुसेवा लगायतका क्षेत्रमा र सामाजिक परिचालकको रुपमा महिला प्राविधिकहरूको संख्या सन्तोषजनक रहेको ।

१६. स्थानीय तहले संचालन गरेको लैंगिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरको छ । यस विषमा यो पालिका धादिङ जिल्लामा नै पहिलो भएको छ ।

## ख. कमजोर पक्ष (Weakness)

१. कानून मस्यौदा गर्दा र पास गर्दा लैससास दृष्टिले विश्लेषण नगरिएको ।

२. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रशित बजेट विनियोजन नहुने गरेको ।

३. योजना तर्जुमा गर्दा महिला पुरुष सहित अन्य लक्षित समूहको अवस्था छुट्टाछुट्टै विश्लेषण नहुने गरेको ।

४. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण नहुने गरेको साथै लैससास अडिटका लागि बजेट विनियोजन नभएको ।

५. दीगो विकास लक्षका ५ बमोजि लैस र १६ बमोजम सास सम्बन्धी विश्लेषण गरी त्यसलाई स्थानीयकरण गर्न पर्याप्त बजेट विनियोजन नभएको ।

६. स्थानीय तहको महिला पदाधिकारीहरू नगन्य (वडा अध्यक्षहरू र गापा अध्यक्ष र उपाध्यक्ष सबै पुरुष) भएको अवस्था ।

७. स्थानीय तहको कर्मचारी पदपूर्ति गर्दा जात, वर्ग र लिङ्गका लागि आरक्षणको व्यवस्था वा समानुपातिक प्रतिनिधित्व नगराइएको ।

८. लैससास कार्यान्वयन समिति नभएको र लैङ्गिक हिंसा निवारणका लागि कार्यालयले कनै प्रकारको आचार संहिता नबनाएको ।

९. लैङ्गिक हिंसा निवारण कोष कार्यान्वयनमा नआएको ।

१०. महिला तथा लक्षित वर्गको आवश्यकतानुसार सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता तालिमका लागि पर्याप्त बजेट विनियोजन नभएको ।

११. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेटको कमि हुनेगरेको ।

१२. लैङ्गिक हिंसा मुक्त पालिका घोषणा नभएको ।

१३. पालिकामा विपद व्यवस्थापन कोष स्थापना नभएको ।

१४. भौतिक पूर्वाधारका ड्इङ डिजाइनमा महिला, बालबालिका तथा अपांगता भएका व्यक्तिहरूले निर्वाधरुपले प्रयोग गर्न सकिने गरी महिला बालबालिका अपांगता मैत्री संरचना निर्माण नभएको ।

१५. स्थानीयतहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकीमा कर्मचारी र सेवाग्राहीका लागि स्तनपान कक्षको व्यवस्था नभएको ।

१६. विपन्न लगायत लक्षित समूहको स्वास्थ्य बिमाको प्रवन्ध नगरिएको ।

१७. महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ घोषणापत्रका १२ वटा प्रतिवद्धतका क्षेत्रमा पालिकामा कार्यक्रम हुने नगरेको ।

१७. पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समूहका व्यक्ति तथा समुदायका सदस्यहरूलाई उपस्थित गराउने नगरिएको ।

### ग. अवसर (Opportunity)

१. यो गाउँपालिकामा राष्ट्रिय गौरव योजनाको रुपमा बुढी गण्डकी जलविद्युत भएकोले यसबाट गाउँपालिकाले लाभ लिन सक्ने सम्भावना रहेको छ ।

२. यस गाउँपालिकामा जातिगत छुवाछुत र छोरा छोरी बिच हुने भेदभावलाई निरुत्साहित गर्न ठाउँठाउँमा ब्यानर, होर्डिङ बोर्डहरु राखिएको छ । यसबाट सामाजिक विकासको मूलधारमा लक्षित वर्गलाई समाहित हुन सहज हुन गएको छ ।

३. यस पालिकामा लैससास सम्बन्धी काम गर्ने अन्य गैरसरकारी संघसस्थाहरू जस्तै शान्ति नेपाल, एक्सन नेपाल, ICDC जस्ता संस्थाहरू भएबाट लैससासको क्षेत्रमा नतिजा आउने गरी प्रभावकारी ढंगले काम गर्न सकिने बलियो सम्भावना छ ।

४. कानून कार्यविधि निर्माण गर्न सक्ने तथा कानून  विषयका जनशक्ति (जनप्रतिनिधि र कर्मचारीहरु)  पालिकामा नै हुनुहुन्छ । वहाँहरू धादिङ जिल्लामा नै उत्कृष्ट हुनु भएको छ । यसको परिणाम स्वरुप कानून संग्रह बनेर छिटै प्रकाशित हुँदैछ ।

५.जनप्रतिनिधि तथा कर्मचारीहरुमा युवाहरूको बाहुल्यता रहेको हुनाले गाउँपालिकाको समग्र विकासमा युवा शक्तिको  भरपुर उपयोग गर्न सकिने ।

### घ. चुनौती (Threats)

१. गाउँपालिकाको आन्तरिक बजेटको स्रोत कमजोर हुनु ( हाल बार्षिक रु.९० लाख मात्र) ।

२. हाल स्थानीय तहको कार्यालय क्षेत्रभित्र जग्गा छैन । पालिकाले खोजिरहको जग्गा निकट भविष्यमा आफनो नबनाउने हो भने पालिकाले सेवा ग्राहीलाई गुणस्तरीय सेवा दिने कुरामा चुनौती सिर्जना हुनेछ ।

३. हालसम्म बनेका लैससास सम्बन्धी कानूनहरू बजेटका अभावले कार्यान्वयन हुन नसक्दा लैससासको विषय सम्बन्धित सवालहरूलाई सम्बोधन गर्ने कुराम विलम्ब हुन गएकोछ ।

## २.२ सरोकारवाला पहिचान

ज्वालामुखी गाउँपालिका भित्र लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने, दोस्रो माध्यमबाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभक्त गरिएको छ ।

**सिधा सम्पर्क हुने (पहिलो नं.का सरोकारवालाहरू)**: महिला तथा बालबालिका शाखा, योजना शाखा, स्वास्थ्य शाखा, शिक्षा शाखा, वडा कार्यालयहरू, गाउँ कार्यपालिका, गाउँ सभा, न्यायिक समिति, सबै विषयगत समितिहरू ।

**दोस्रो माध्यमबाट सम्पर्क हुने (दोस्रो नं.का सरोकारवालाहरू)**: विकास साझेदारहरू, सहकारी संस्थाहरू, बालक्लबहरू, आमा समूहहरू, विद्यालयहरू, गैह्रसरकारी संस्थाहरू, राजनैतिक दलहरू ।

**अप्रत्यक्ष सम्पर्क हुनेहरू (तेस्रो नं.का सरोकारवालाहरू)**: मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, प्रदेशका सबै मन्त्रालयहरू, प्रदेश सुशासन केन्द्र, भूमि व्यवस्था आयोग, संघीय मन्त्रालयहरू, महिला आयोग, दलित आयोग, राष्ट्रिय योजना आयोग, मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय दातृ निकायहरू, राष्ट्रियस्तरका सञ्चार माध्यमहरू ।

## २.३ लक्षितवर्ग पहिचान

ज्वालामुखी गाउँपालिकामा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो ।

त्यसका लागि निम्नानुसार लक्षित वर्ग पहिचान गरिएकोछ :

महिला, एकल महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित( दमाई, कामी), मजदूर, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, विपन्न वर्ग र सुकुम्बासी

माथि उल्लेखि तीनै विश्लेषणबाट ज्वालामुखी गाउँपालिका को वर्तमान अवस्थाका सबै पक्षहरू देखिएकाछन् । बलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीसंगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरू तथा सबै लक्षित वर्गहरू पहिचान भइसकेकाछन् । गाउँपालिकामा सघन रुपमा रहेको चेपाङ जाति मुख्य लक्षित वर्गमा पर्छ । यो गाउँपालिकाका सवल पक्षहरुलाई स्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागन गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालीन सोच (Vision)

"महिला सहित सबै लक्षित समुदायलाई समान अवसर, ज्वालामुखी गाउँपालिकाको समावेशी विकासको आधार"

## ४. ध्येय (Mission)

सम्पूर्ण ज्वालामुखी गाउँपालिकाको जनताका लागि समान विकासको अवसर गर्ने ।

## ५. लक्ष (Goal)

न्यायोचित तथा समतामूलक विकासको माध्यमबाट गाउँपालिकाका लक्षितवर्गलाई विकासको मूल प्रवाहमा ल्याउने ।

## ६. उद्देश्य (Objectives)

ज्वालामुखी गाउँपालिकाका जनताहरूलाई समान अवसर प्रदान गर्न सबै प्रकारको विभेदको अन्त्य गर्ने । यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप ज्वालामुखी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससासप्रति उत्तरदायी बनाउनु नै हो । यस रणनीतिका उद्देश्यहरू निम्नानुसार रहेकाछन्:

१. लैंङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागीता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने ।

२. स्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सन्धि सम्झौताहरू कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

४. नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशीता सुनिश्चित गरी आवाज सशक्तिकरण गर्ने ।

५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवं तथ्यांकमा समेत महिला एवं लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिकरुमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउने ।

७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरूद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैंङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैंङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उद्देश्यहरू परिपूर्तिको लागि निम्नानुसार नीतिहरू अवलम्बन गरिनेछ ।

१. बार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वाधार, कृषि बन तथा भूमिसुधार गरीबी निवारण स्थानीइ विकास तथा शान्ति एवं सुशासनसंग सम्बन्धित सबै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।

२. हरेक बर्ष लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औंल्याएका कमि कमजोरीहरलाई अर्को बर्षको कार्यक्रममा समेटेर स्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि सम्झौताहरू, प्रतिवद्धताहरू तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।

४. पालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरू महिला, बालबालिका, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक, अपांगता, ज्येष्ठ नागरिक, दलित, लोपोन्मुख सिमान्तकृत आदिवासी जनजाति सहित समग्र लक्षित वर्गमैत्री बनाउँदै लैजाने ।

५. लैससास बारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरुप, नीति, नियम, ऐन, कानून, कार्यविधि साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठनागरिकको स्वाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै जाने ।

७. बार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैंङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरू संचालन गरी महिला पुरुष समविकासलाई बढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्यांकहरू संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजनामा तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्ब गर्ने ।

९. बालबालिक तथा अपां एवं ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका बारेमा कर्मचारीहरूलाई अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरूका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरूमा लैससाससंग सम्वन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्यांकन गर्ने

## ८. लैससास रणनीति (GESI Strategies)

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपसीलमा उल्लेखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

### ८.१ मूलप्रवाहीकरण

क. महिला, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्य र सवालहरूको पहिचान तथा लेखाजोखो गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्वोधन गरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

ख. लैंङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रवाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**८.२ समावेशीकरण**

क. विकास अवसरबाट बञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सबै कृयाकलापहरूमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्बन गर्ने

**८.३ स्थानीयकरण**

क. अन्तर्राष्ट्रिय सन्धि सम्झौता प्रतिवद्धता तथा दीगो विकास लक्षका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

**८.४ सशक्तिकरण**

क. लैंङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्यांकन गर्ने ।

ख. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता साथै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सबै कृयाकलापहरूमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने बनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिला र बञ्चितीकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमबाट विपन्न तथा वञ्चितीकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार बन्ने अवसर प्रदान गर्ने ।

**८.५ सचेतीकरण**

क. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीका बारेमा सबै सरोकारवाला पक्षहरूलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issues) को रुपमा छलफल गर्दै लैजाने ।

**८.६ संस्थागत संरचना**

क. संघीय तथा प्रादेशिक कानून कार्यविधिहरूमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरू निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितीकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।

**८.७ समन्वय**

क. विभिन्न शाखाहरू बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससासमैत्री बनाउँदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरू, प्रतिष्ठान, आयोगन, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुबीच समन्वय गरी लैससासमैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

**८.८ सहकार्य**

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरू तथा अन्य विकास साझेदारहरु (बैंक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु तथा गैरसरकारी संघसंस्था) बीच सहकार्य गर्ने ।

**८.९ सहजीकरण**

क. वहिष्करणमा परेका वर्गहरूलाई आर्थिक सामाजिक गतिविधिहरूमा संलग्न हुन योजना तर्जूमादेखि अनुगमन मूल्यांकनसम्म हरेक चरणमा वस्ती तथ समुदाय स्तरमा नै सहजीकरण गर्ने सयन्त्र विकास गरी परिचालन गर्ने ।

**८.१० सामाजिक सुरक्षा**

क. नागरिक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नागरिकहरूलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, ज्येष्ठनागरिक, अपांगता भएका व्यक्तिहरू तथा एकल महिलाहरू यस अन्तरगत पर्दछन् भने ती वर्गको संरक्षण, स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जनजातिहरू, दलित, मुस्लिम लगायत पर्दछन् र ती वर्गको सुरक्षा, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

**८.११ अनुगमन मूल्याङ्कन**

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्यांकन लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्यांकनलाई लैससासमैत्री बनाउँदै लैजाने ।

## ९. रणनैतिक कृयाकलापहरू

| क्र.सं. | उद्देश्य | नीति | रणनीति | रणनीति कृयाकलापहरू | मापनका सूचकहरू | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागीता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने । | बार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वाधार, कृषि बन तथा भूमिसुधार गरीबी निवारण स्थानीय विकास तथा शान्ति एवं सुशासनसंग सम्बन्धित सबै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने । | लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रवाहीकरण गर्ने | १. लैससास मैत्री योजना तर्जुमाका लागि निश्चित प्रतिशत पूँजीगत बजेट विनियोजन गर्ने ।<br>२. योजना संकलन तथा प्राथमिकीकरण प्रकृयामा नै लक्षित वर्गको सहभागिता अनिवार्य गराउने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयालाई पूर्णरुपमा कार्यान्यन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जुमा गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सूचकहरू तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>६. लैङ्कि उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्यवनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>७. लैंङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा मूल्यांकन गर्न आवश्यक सूचना तथा तथ्यांकलाई व्यवस्थित गर्ने | १. बार्षिक बजेटमा कम्तीमा १५% पूंजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जुमा तथा मापन सम्बर्न्धा सूचकहरू निर्माण भएका हुनेछन् ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ ।<br>५. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ । | १. बार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरू<br>४. कार्यपालिकाका बैठकका निर्णयहरू<br>५. सभाका बैठकका निर्णयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रणालीको विकास गर्ने ।<br>८. सेवा प्रदायक अन्य निकायहरूलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका बारेमा अभिमुखीकरण गर्ने | | |
| २ | स्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक बर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औंल्याएका कमि कमजोरीहरलाई अर्को बर्षको कार्यक्रममा समेटेर स्रोतसाधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरबाट बञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्वन्धित सबै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई बार्षिक रुपमा मूल्याङ्न गर्दै लैजाने । | १.लक्षित वर्गको खण्डिकृत विवरण संकलन तथा हरेक बर्ष अद्यावधिक गर्दै लैजाने ।<br>२. कानून तथा कार्यविधिमा महिला तथा बञ्चितमा परेको समुदायको लागि उल्लेख भएका प्रावधानहरुका बारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने ।<br>३. जीविकोपार्जनसंग जोडिएका आर्थिक गतिविधिहरूमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४. संघसंस्था प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने ।<br>५. राजनैतिक नेतृत्व तथा जिम्मेवार बाँडफाँडमा महिला एवं लक्षित वर्गलाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने ।<br>६. महिला तथा लक्षित वर्गको | १. लक्षित वर्गको वस्तुगत खण्डिकृत विवरण बार्षिकरुपमा अद्यावधिक भएको हुनेछ ।<br>२. कानून कार्यविधिका बारेमा सेवा प्रदायक तथा सेवाग्राहीलाई अभिमुखीकरण भएको हुनेछ ।<br>३. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्त समिर्, कार्यदलहरूमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>५.लक्षित वर्गको व्यवहारिक आवश्यकता परिपूर्ति गर्न घरेलु उद्योग वैकल्पिक उर्जा जस्ता कार्यक्रम | १. बार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. कानून कार्यविधि बारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यवोझ कम गर्ने सरल तथा समय बचत हुने खालका ( व्यवहारिक आवश्यकता पूरा हुने) कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका ( शिक्षा, रोजगारीसंग सम्वन्धित) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने । | सञ्चालन गर्ने ।<br>६. लक्षित वर्गको लागि लोकसेवा पूर्व तयारी कक्षा शिक्षा सेवा आयोग सम्बन्धी कक्षाहरू सञ्चालन गर्ने रणनैतिक आवश्यता | |
| ३ | लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सन्धि सम्झौताहरू कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि सम्झौताहरू, प्रतिवद्धताहरू तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने । | अन्तरराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गर्ने साथै स्थानीयकरण गरी लागु गर्ने | १. दीगो विकास लक्षका १७ वटा लक्षहरूका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारीहरूलाई क्षमता विकास गरी परिचालन गर्ने ।<br>२. बेइजिङ् सम्मेलनले गरेका १२ प्रतिवद्धतका बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरूलाई अभिमुखिकरण गरी कार्यान्वयनका लागि योजना तर्जमा गर्ने ।<br>३. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको दस्तवेजका प्रस्ताव नं. १३२५ र १८२० तथा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ का बारेमा कर्मचारी तथा जनप्रतिधिहरूलाई अभिमुखिकरण गरी कार्यान्वयनमा ल्याउने ।<br>४. उल्लेखित सबै | १. दीगो विकास लक्ष, महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको बेइजिङ सम्मेलनका प्रतिवद्धताहरू, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी सम्बन्धी अभिमुखिकरण भएको हुनेछ ।<br>२. अन्तरराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३. स्थानीयकरण भएका सन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १. अन्तरराष्ट्रिय सन्धि संझौता अभिमुखिकरणको उपस्थिति तथा माइन्यूट ।<br>२. बार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयनका लागि बनेका कार्यविधिहरू<br>४. कार्यपालिका तथा सभाका निर्णयहरू निर्णयहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अभिमुखिकरण पश्चात स्थानीयकरण गरी लागु गर्ने । ५. स्थानीयकरण पश्चात बार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने । ६. आवश्यक कानून तथा कार्यविधि तयार गर्ने | | |
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशीता सुनिश्चित गरी आवाज सशक्तिकरण गर्ने । | पालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरू महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपांगता, ज्येष्ठ नागरिक, दलित, लोपोन्मुख सिमान्तकृत आदिवासी जनजाति सहित समग्र लक्षित वर्गमैत्री बनाउँदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधिहरूमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरू निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरूमा निर्माण हुने संस्थागत संरचनाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले वञ्चितिकरणमा | १. लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनुरुपका संस्थागत संरचनाहरू निर्माण गर्ने । २. कानून कार्यविधिहरू निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने । ३. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरू बीच हुने भेदभाव अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने । ४. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरी गर्ने । ५. विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संशोधन गर्ने । | १. कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन् । २. नयाँ बन्ने सबै कानून कार्यविधिहरू लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ । ३. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरूबीच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ । ४. विगतमा बनेका कार्यविधिहरू आवश्यकतानुसार संशोधन भएका हुनेछन् । ५.कानून कार्यविधि तथा विकास क्रियाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू समावेश | १. बार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका २. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बनेका शौचालयहरू तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परेका समुदायको सहभागिता सुनिश्चित गर्ने | ६. कानून कार्यविधिमा तथा विकास प्रक्रियामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका विषयहरुलाई समावेश गर्ने ।<br>७. सबै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानूनी व्यवस्था गर्ने । | भएको हुनेछन् ।<br>६. समानुपातिक नेतृत्वका लागि कानूनी व्यवस्था भएको हुनेछ । | |
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवं तथ्यांकमा समेत महिला एवं लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिकरुमा सशक्तिकरण गर्ने । | क. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठनागरिकको स्वाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै जाने ।<br>ख. बार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरू संचालन गरी महिला पुरुष समविकासलाई बढावा दिने ।<br>ग. लक्षित वर्ग पहिचान हुने गरी | क. महिला, गरीब र बहिष्करणमा परेको समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुँचयुक्त अवसर सेवामूलक कार्य, अनुगमन मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।<br>ख. विभिन्न | १. संस्थागत जिम्मेवारी दिंदा तथा शाखा व्यवस्थापन गर्दा प्रमुखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाति तथा ज्येष्ठ नागरिक जनप्रतिनिधि समावेश गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३. महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>५. आदिवासी जनजाति दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणका लागि बजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गका लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४. यौन दुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुने छ ।<br>५. महिला बालबालिका शाखामा लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६. लैससास सम्बन्धी सचेतनामूलक ब्रुशर तथा रेडियो टेलिभिजन | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.ब्रुशर, रेडियो, टेलिभिजन कार्यक्रमका अडियो भिडियो सामग्री अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खण्डिकृत तथ्यांकहरू संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजनामा तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्ब गर्ने । | शाखाहरू बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउँदै लैजाने । | कार्यविधि बनाउने ।<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेस्क र आवश्यक जनशक्ति व्यवस्था गर्ने ।<br>७. लैससास सम्बन्धी सूचना एवं सचेतनामूलक सामग्रीहरु तयारी तथा प्रकाशन प्रसारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचालन गर्दा महिला तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यकहरूको सहभागितालाई अनिवार्य गर्ने । | कार्यक्रम सञ्चालन भएको हुनेछ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउने । | क. मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>ख. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका बारेमा कर्मचारीहरूलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धिसंगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेश गरेर आत्म निर्भर बनाउन | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति बनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्यविधि बनाउने ।<br>६. कार्यस्थल तथा सार्वजनिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाबारे प्रचार प्रसार गर्ने | १. बार्षिक बजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यवहारमा कमि आएको हुनेछ । | १. बार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहार विरुद्ध निर्णय भएको माइन्यूटहरू<br>४. प्रत्यक्ष अवलोकन ामग्री |
| ७ | अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरूद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा | सामाजिक कुरीतिहरूका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरू अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल ( Cross cutting Issue ) को रुपमा | १. लैङ्गिक हिंसा विरूद्ध शुन्य सहनशीलता लिई यसमा कर्मचारी तथा प्रतिनिधिहरूलाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरूका लागि सेवा केन्द्र स्थापना गर्ने । | १. सामाजिक कुरीतिहरूका विरुद्ध श्रव्य दृष्य सामग्री निर्माण भएको हुनेछ ।<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरूका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ । | १. बार्षिक बजेट तथा नीति कार्यक्रम<br>२. श्रव्य दृष्य सामग्रीहरू<br>३. सामाजिस सञ्जालमा गरिएको पोस्टहरू<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आधारित समाज स्थापना गर्ने । | | छलफल गर्दै लैजाने । | ३. सचेतनामूलक कार्यक्रमलाई रेडियो, टिभी, पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने ।<br>४. लैङ्गिक हिंसा निवारण आचार संहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तर जातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सबै वडामा महिला कानूनी सचेतना कक्षाहरु सञ्चालन गर्ने ।<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरू बनाउने सडक नाटक प्रस्तुत गर्ने | ३. अन्तरजातीय विवाह गर्ने जोडीहरू सम्मानित भएका हुनेछन् ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएका हुनेछन् । | कार्यक्रमको अभिलेख<br>५. प्रत्येक्ष अवलोकन ( सेवा केन्द्र) |
| ८ | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईसंग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरूमा लैससाससंग सम्वन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्यांकन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री | १. आफनै घरबाट निरक्षर महिलाहरुलाई साक्षर बनाउने कार्यक्रम सञ्चालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निरक्षरलाई साक्षर बनाउने शैक्षिक नीति अबलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यकहरूका लागि विद्यालयमा शौचालयको वैकल्पिक व्यवस्था गर्ने र अब बन्ने शौचालयमा सबैलाई पुग्ने गरी निर्माण गर्ने ।<br>४. स्वरोजगार बन्न चाहने र बैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी | १. सम्भावना रहेका सबै निरक्षरहरू साक्षर भएका हुनेछन् ।<br>२. यौनिक अल्पसंख्यकहरूका लागि विद्यालयमा वैकल्पिक शौचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार बन्न चाहने युवाका लागि सीप विकास तालिम सञ्चालन भएको हुनेछ । । | १. बार्षिक प्रगति प्रतिवेदन<br>२. तालिम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिकाका निर्णयहरू<br>४. सभाका निर्णयहरु<br>५. अनुगमन मूल्याङ्कन फारामहरू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बनाउँदै लैजाने | आवश्यक तालिम प्रदान गर्ने । आवश्यकतानुसार बजेट विनियोजन गर्ने ।<br>५. आवश्यक बजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६. अब उप्रान्त बन्ने सबै सार्वजनिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>७. जोखिमयुक्त काम गरेर जीवन निर्वाह गर्नुपर्ने गर्भवती महिलाहरुका लागि राहत प्याकेज ल्याउने ।<br>८. हरेक ६ महिनामा सार्वजनिक सुनुवाइ बार्षिक रुपमा सामाजिक परीक्षण र नियमितरुपमा सार्वजनिक परीक्षण गर्ने ।<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणबाट गर्ने गरी फारामहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरू संचालन गर्नका लागि वित्तको आवश्यकत पर्छ नै तथापि यसमा अतिरिक्त वाह्य स्रोत पाइएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल सञ्चालन भइरहेको बजेट, नीति तथा कार्यक्रमलाई कसरी लैससासमैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्था गरिनेछ ।

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट विनियोजन गर्ने ।

ख. भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरूमा कामको विभाजन गरी योग्यतानुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई बार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिशमा सहुलियत दरको ऋण उपलब्ध गराई वित्तीय सहयोग पुर्‍याउन बैंक तथा वित्तीय संघसंस्थाहरूसंग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरूमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरूमा अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम स्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ. सरकारी तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायहरूमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि यो ज्वालामुखी गाउँपालिकाको कार्यकारिणीका बैठकले अनुमोदन गर्नुपर्छ । यो रणनीतिलाई प्रभावकारीरुपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि यो गाउँपालिकाले ६ महिनाभित्रमा तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरूको आवश्यकता नपर्ने खालका प्रावधानहरू भने स्वतः कार्यान्वयनमा आउनेछन् ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी यो ज्वालामुखी गाउँपालिकाका अध्यक्ष संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति हुनेछ (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरूले सबै कृयाकलापमा रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरू समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवं यस गाउँपालिकाका उपाध्यक्षको हुनेछ भने आवश्यकतानुसार विषय विज्ञ राखेर अल्पकालीन समिति निर्माण गरी रणनीति कार्यान्वयनमा छुटेका विषयहरू पहिचान गर्न सकिनेछ छ । यो ज्वालामुखी गाउँपालिकामा कार्यरत सबै संघसंस्थाहरू तथा विकास साझेदारहरूले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गुर्नुपर्नेछ । रणनैतिक कृयाकलापका बारेमा सबै सरोकारवाला निकायलाई अभिमुखिकरण गरी बार्षिक प्रगति प्रतिवेदनमा लैससासको अवस्था स्पष्ट हुने गरी पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्बन्ध भनेको मुख्यरुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिग समानता तथा समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० सूचकहरूको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. ज्वालामुखी गाउँपालिकाभित्र कार्यरत सबै संघसंस्था तथा विकास साझेदारहरूलाई बार्षिकरुपमा कार्यक्रमको समिक्षा गर्दा लैससासको दृष्टिकोणले समेत विश्लेषण गरेर प्राप्त उपलब्धि र समस्याहरूको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्बन गर्ने ।

ग. यो गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तरगत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरू गाउँपालिकाको बार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरू कार्यान्वयन कसरी भइरहेको छ सोको समेत अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गरिनेछ ।

## १४. संभाव्य जोखिम र न्यूनीकरणका उपायहरू

### १४.१ संभाव्य जोखिमहरू

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरू आउन सक्ने अवस्था छ ।

क. पितृसत्तात्मका सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा अवरोध उत्पन्न हुन सक्छ ।

ख. सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगले नहुन सक्छ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्छ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र स्रोत साधनको सिमितता हुन सक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरू बिच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता दोहोरोपना हुन सक्छ ।

### १४.२ जोखिम न्यूनीकरणका उपायहरू

क. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूको साझा बुझाईमा एकरुपता ल्याउन तालिम, गोष्ठि तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरूसंगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक बैठकमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने ।

घ. विषय विज्ञहरूसंग नियमित परामर्श लिने ।

## १५. निष्कर्ष

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा बनेका नीति तथा रणनीतिहरूलाई कार्यान्वयन गर्न र अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि सम्झौता एवं प्रतिवद्धताहरूलाई स्थानीयकरण गरी बार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । यो गाउँपालिकामा बनेका नीति, नियम र कार्यविधिहरु अध्ययन गर्दा नीतिहरू बन्ने तर कार्यान्वयन नहुने कुरा देखिएको छ । त्यसैले बार्षिकरुपमा बनेका नीति, नियम र कार्यविधिहरू के कति कार्यान्वयन भए वा कार्यान्वयन हुन बाँकी छन् भन्ने कुरा पहिचान गर्ने गरी अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैससासको नजरले मूल्याङ्न गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । यसरी निश्चित समयसम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिंदै लैजाने हो भने चाँडै लक्षमा पुग्न सकिन्छ ।